त्रिभुवन विश्वविद्यालय
इन्जिनियरिङ्ग अध्ययन संस्थान
पुल्चोक क्याम्पस
५-५२१२६०
५-५२१६११
५-५२२१०४
५-५२२८०९
पुल्चोक, ललितपुर ।

मितिः २०७२।०६।१७

# वि.ई./वि.आर्क. तहमा रिक्त स्थानमा भर्नाका लागि पुनः आवेदन सम्बन्धि सूचना।

शैक्षिक बर्ष २०७२।७३ मा यस क्याम्पसको B.E./BArch. तहमा केही कार्यक्रमहरुमा निम्न बमोजिम स्थान रिक्त रहन गएकोले ती स्थानहरूमा भर्ना हुन चाहने आवेदकहरूको लागि पुनः आवेदन फाराम भरी बुझाउन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

- पुनः आवेदनका लागि २०७२ आश्विन १८ र १९ गते ११:०० बजेदेखि २:०० बजेभित्र पुल्चोक क्याम्पसको सूचना प्रविधि केन्द्रमा उपलब्ध फाराम भरी बुझाउनु पर्नेछ । फाराम शुल्क रु २००।- लाग्नेछ र एक भन्दा बढि विषयको लागि प्रति विषय रु १५०।- थप शुल्क लाग्नेछ ।
- **इन्जिनियरिङ अध्ययन संस्थानद्वारा लिइएको प्रवेश परीक्षा २०७२ मा सम्मिलित भई उत्तीर्ण भएकाहरु मध्येबाट निम्न बमोजिम आवेदकहरूले पुनः आवेदन दिन सक्नेछन् :**
  - क) यस क्याम्पसमा फाराम भर्न छुट भएकाहरु ।
  - ख) यस क्याम्पसमा भर्ना हुन Online फाराम भरि नाम प्रकाशित नभएकाहरु ।
  - ग) कुनै पनि सूचिमा नाम प्रकाशित भइ भर्ना हुन छुट भएकाहरु ।
  - घ) कुनै पनि कार्यक्रममा भर्ना भइसकेका र प्राथमिकता परिवर्तन गर्न चाहनेहरू ।
- **हाल रिक्त सिट संख्या**

| सि. नं. | कार्यक्रम | रिक्त सिट संख्या |
|---|---|---|
| १. | Civil Full Fee | १ |
| २. | Electrical Full Fee | ३ |

हाल सम्म उपरोक्त बमोजिम रिक्त स्थान भएतापनि सूची प्रकाशन पूर्व कुनै भर्ना रद्द भई थप स्थान रिक्त रहन गएमा सो रिक्त स्थान समेत संलग्न गरि सूची प्रकाशन गरिनेछ ।

- भर्ना भइसकेका आवेदकहरुले समेत अर्को कार्यक्रमका लागि आवेदन दिन सक्ने भएकोले कुनै कार्यक्रममा भर्ना भइसकेका आवेदकको नाम नयाँ रिक्त स्थानमा प्रकाशित भएमा निज भर्ना भएको कार्यक्रममा स्थान रिक्त हुन आउन सक्नेछ । तसर्थ आफूलाई इच्छा लागेका सबै कार्यक्रमहरुमा प्राथमिकता राख्न सूचित गरिन्छ ।
- उपरोक्त आवेदकहरुले दिएको आवेदनको आधारमा प्रवेश परीक्षाको योग्यताक्रमानुसार चौथो सूची प्रकाशन गरी भर्ना गरिनेछ र त्यसपछि समेत स्थान रिक्त रहन गएमा पाँचौ सूची प्रकाशन गरिनेछ ।

त्रिभुवन विश्वविद्यालय
इन्जिनियरिङ्ग अध्ययन संस्थान
पुल्चोक क्याम्पस
पुल्चोक, ललितपुर ।
☎ ५-५२१२६० ५-५२१६११ ५-५२२१०४ ५-५२२८०९

| भर्ना कार्यक्रम | | मिति र समय |
|---|---|---|
| १) भर्नाका लागि पुनः आवेदन फाराम भर्ने | : | २०७२ आश्विन १८ र १९ गते विहान ११:०० बजेदेखि अपरान्ह २:०० बजेसम्म । |
| २) आर्किटेक्चरको झुकाव परीक्षा (Aptitude Test) | : | २०७२ आश्विन २० गते बिहान १०:३० बजे । |
| ३) आर्किटेक्चरको झुकाव परीक्षा (Aptitude Test) को नतिजा प्रकाशन | : | २०७२ आश्विन २० गते अपरान्ह ५:०० बजे । |
| ४) चौथो सूची प्रकाशन | : | २०७२ आश्विन २१ गते विहान १०:०० बजे । |
| ५) चौथो सूची उपर दावि विरोध | : | २०७२ आश्विन २१ गते विहान ११:०० बजेदेखि अपरान्ह २:०० बजेसम्म |
| ६) संशोधित चौथो सूची प्रकाशन | : | २०७२ आश्विन २१ गते बेलुका ६:०० बजे । |
| ७) चौथो सूचीको भर्ना | : | २०७२ आश्विन २२ गते विहान ११:०० देखि अपरान्ह २:०० बजेसम्म । |
| ८) पाँचौ सूची प्रकाशन | : | २०७२ आश्विन २३ गते विहान १०:०० बजे । |
| ९) पाँचौ सूची उपर दावी विरोध | : | २०७२ आश्विन २३ गते बिहान ११:०० बजेदेखि अपरान्ह २:०० बजेसम्म । |
| १०) संशोधित पाँचौ सूची प्रकाशन | : | २०७२ आश्विन २३ गते बेलुका ६:०० बजे । |
| ११) पाँचौ सूचीको भर्ना | : | २०७२ आश्विन २४ बिहान ११:०० बजेदेखि अपरान्ह २:०० बजेसम्म । |
| १२) यस पछिका रिक्त सिटहरुको लागि सूचना प्रकाशन | : | २०७२ आश्विन २५ गते । |

**द्रष्टब्य :**

- **आर्किटेक्चर कार्यक्रमका लागि यस अघि लिइएको झुकाव परीक्षा** (Aptitude Test) **मा उत्तीर्ण भएका आवेदकहरु झुकाव परीक्षा** (Aptitude Test) **मा पुनः सम्मिलित हुनु पर्ने छैन ।**
- **उपरोक्त कार्यक्रमहरुका दिन सार्वजनिक विदा वा आकष्मिक विदा परेमा समेत भर्ना समितिको कार्यालय खुला रहने तथा सम्पूर्ण भर्ना कार्यक्रमहरु यथावत रहने ब्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।**

अध्यक्ष
भर्ना समिति २०७२
पुल्चोक क्याम्पस